नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ।



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर १६ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 December 02 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९६


## धोबिनी गापामा अध्यक्ष र अधिकृतबीच विवाद

प्रस, वीरगंज, १५ मङ्सिर/

पर्साको धोबिनी गाउँपालिकामा जनप्रतिनिधिहरूले आफूखुशी गर्दै आएको अनियमितता रोकेपछि कर्मचारी तथा गापा अध्यक्षबीच विवाद शुरू भएको छ।

गापा अध्यक्ष सुरेशप्रसाद कुर्मी र प्रमुख कार्यकारी अधिकृत राजु साहबीच विवादका कारण कर्मचारी र सेवाग्राहीहरू मारमा परेका छन्। दुवैजनाले एकअर्काविरुद्ध सार्वजनिकरूपमा टीकाटिप्पणी गर्न थालेका छन्। गापा अध्यक्ष कुर्मीले गापाको खाता रोक्का गरी अधिकृत साहको सरुवा गराउने प्रयास गरिरहेका छन्।

सो गापामा विगतमा भएको भ्रष्टाचारको साक्षी अधिकृत साह नबनेपछि गापाध्यक्षलगायत केही जनप्रतिनिधिहरूबीच मनमुटाव शुरू भएको स्रोतले बताएको छ। गापाध्यक्ष कुर्मीले घोडदौडापिपराका बासिन्दाका लागि ओरिया नदीमा झोलुङ्गे पुल निर्माणका लागि दुई वर्षअघि उपभोक्ता समिति गठन गरी ४४ लाख रुपैयाँ झिकेको र काम नगरेपछि उपभोक्तामाथि गापा कार्यालयले कारबाई प्रक्रिया अगाडि बढाएपछि अध्यक्ष कुर्मी अधिकृत साहसँग रिसाएका थिए।




वास्तवमा निर्माणस्थलमा १० प्रतिशत काम गएको देखिन्छ। नियमानुसार उपभोक्ता समितिलाई पेश्की दिने नियम छैन, तर प्राविधिक मूल्याङ्कनसविना कसरी भुक्तानी दिइयो यो खोजीको विषय रहेको गाउँलेहरूले बताए।

विगतमा करारमा भर्ना गरिएका कर्मचारीहरूको वर्षपछि म्याद थप्न घूस लिने परम्परा थियो। अहिले जनप्रतिनिधिहरूको रायबेगर गापाले म्याद थपेपछि विवाद बढेको छ।

गत वर्ष स्वास्थ्यकर्मी भर्नाको विज्ञापन प्रकाशित गरे पनि नियुक्त नपाएका छजना कर्मचारीहरूलाई नियुक्ति दिन अधिकृत साहलाई गापा अध्यक्ष कुर्मीले दबाब दिंदा नियमविपरीत आफू काम गर्न नसक्ने बताएपछि झन् विवाद बढेको छ।

कर्मचारी भर्नामा आर्थिक चलखेल भएको भन्दै सोही बेलादेखि भर्ना प्रक्रिया रोकिएको स्रोतले बताउँछ। तत्कालीन अधिकृत अशोक रौनियार र गापाध्यक्ष कुर्मीबीच सहमति नजुटेको कारण उनीहरूको नियुक्ति प्रक्रिया रोकिएको थियो।

गत आवको कामलाई चालू आवमा निरन्तरता दिन बोर्डले पारित गर्नुपर्ने नियम छ तर बोर्डका अन्य प्रतिनिधिहरू नियुक्ति प्रक्रियाको विरोधमा रहेको स्रोतले बताएको छ।

यस विषयमा गापा अध्यक्ष कुर्मीले आफूहरूबीच विवाद छ तर कुनै अनियमितता नभएको दाबी गरे।

चेक काट्ने अधिकार कर्मचारीसँग भएकोले जनप्रतिनिधिले भ्रष्टाचार गर्ने कुरा मिथ्या आरोप मात्र भएको उनको भनाइ छ।

## विश्व एड्स दिवस: वीरगंजमा र्‍याली, सभा

प्रस, वीरगंज, १५ मङ्सिर/



एड्स दिवसको अवसरमा वीरगंजमा निकालिएको सचेतनामूलक र्‍याली। तस्वीरः प्रतीक

विश्व एड्स दिवसको अवसरमा बुधवार वीरगंजमा सचेतनामूलक र्‍याली, सभा गरिएको छ।

जिल्ला स्वास्थ्य कार्यालयको आयोजना तथा वीरगंज महानगरपालिकालगायत विभिन्न गैरसरकारी संस्थाहरूको सहभागितामा घण्टाघरबाट र्‍याली निकालेर लिङ्करोड, बसपार्क परिक्रमा गरी सोही स्थानमा सभा आयोजना गरी समापन भएको थियो। सभामा स्वास्थ्य कार्यालय वीरगंजका प्रमुख नवलकिशोर साहले देशबाट सन् २०३० सम्म एचआइभी एड्स मुक्त गर्ने सरकारको योजना अनुरूप पर्सा जिल्लामा पनि कार्य भइरहेको बताए। उनले विभिन्न संस्थाहरूको सहयोगमा अभियानलाई सार्थकता दिन सकिने भन्दै एचआइभी एड्सको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूलाई योजनाबद्धरूपमा कार्यक्रम गर्न सुझाए।

विद्यार्थी जागरण मञ्च वीरगंजका कार्यक्रम संयोजक नीरज साहले पर्सा जिल्लामा साढे पाँच सय एचआइभी सङ्क्रमित भएको र अन्यत्र जिल्ला गरी नारायणी अस्पतालबाट एघार सयजनाको हाराहारीमा सङ्क्रमितहरूले सेवा लिइरहेको बताए। उनले एचआइभी सङ्क्रमितहरूको हकमा नारायणी अस्पताल र समाजमा पनि अहिलेसम्म भेदभाव जारी रहेको दुःखेसो पोखे। असुरक्षित यौन सम्पर्क र एचआइभी सङ्क्रमित आमाबाट जन्मिने छोराछोरीहरूमा मात्र यो सङ्क्रमण हुने बताउँदै सङ्क्रमितहरूसँग दुर्व्यवहार नगर्न उनले आग्रह गरे। उनले एचआइभी सङ्क्रमितहरूको हकमा पालिकाहरूले बजेट छुट्याएर कार्य गर्दा लक्षित समयमा सार्थकता पाउने बताए। साहले २०६२ सालदेखि नारायणी अस्पतालमा एआरटी सेन्टर स्थापना गरेर सङ्क्रमितहरूलाई निश्शुल्क औषधोपचार गराउँदै आएको जानकारी गराए।

नारायणी अस्पतालकी स्टाफ नर्स सरिता श्रेष्ठले एआरटी लिनेहरूमध्ये ६२ जनाले एआरटी लिन छाडेको र अन्यले नियमितरूपमा एआरटी सेन्टरमा सेवा लिइरहेको बताइन्।

## शिक्षा र चेतनाको कमीले बोक्सीप्रथा जीवित– प्रजिअ

प्रस, वीरगंज, १५ मङ्सिर/



तस्वीरः प्रतीक

प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले शिक्षा र चेतनाको कमीले समाजमा बोक्सीजस्तो कुप्रथा जीवित रहेको बताए।

उनले यसको अन्त्यका लागि शिक्षाको स्तर र जनचेतना बढाउन आवश्यक भएको बताए। राष्ट्रिय जागरण प्रतिष्ठान नेपालले सामुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको सहयोगमा वीरगंज पब्लिक कलेजमा आयोजना गरेको कार्यक्रममा प्रजिअ ढकालले अशिक्षित व्यक्तिहरूले अङ्गीकार गरेका कुप्रथालाई शिक्षित जमातले पनि निरन्तरता दिंदै आएकोमा दुःख व्यक्त गरे। उनले सहभागी विद्यार्थीहरूलाई यस्ता खाले कुप्रथाविरुद्ध जागरण फैलाउन आग्रह गरे।

प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले बोक्सी हुन्छ भन्ने कुराको अन्त्य गर्नुपर्ने बताए। उनले गलत प्रकृतिको मानसिकता विकसित भएको र यसलाई हटाउन विद्यार्थीहरूको भूमिका


तस्वीरः प्रतीक

महत्त्वपूर्ण हुने बताए। उनले समाजका सबै मानिसलाई समान दृष्टिकोणबाट हेर्नुपर्ने र बोक्सीको आरोप लगाउनेहरूलाई कानूनी कारबाई गर्ने चेतावनी दिए।

प्रतिष्ठानका अध्यक्ष कोविदशरण उपाध्यायले राष्ट्रव्यापी शिक्षामूलक कार्यक्रमको परिणाम अहिले धेरै मानिसहरूलाई बोक्सी हुँदैन भनेर बुझाउन सफल भएको दाबी गरे।

उनले प्रतिष्ठानले देशव्यापीरूपमा यो जागरण अभियान सञ्चालन गरेको र अभियानको फलस्वरूप सयभन्दा बढी महिलाहरूलाई न्याय दिलाउनुका साथै जनचेतना अभिवृद्धि गरिएको बताए।

कार्यक्रममा जिप्रका, पर्साका प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनाल, जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साका प्रमुख प्रहरी निरीक्षक सुमन कार्की, ग्रीन सिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरका अध्यक्ष जयप्रकाश खेतान, विपिसी कलेजका हरिरत्न तुलाधरलगायतको सहभागिता थियो।

कलेजका कोर्डिनेटर वासुदेवलाल कर्णले कार्यक्रमको सहजीकरण गरेका थिए। सो अवसरमा सहभागीहरूलाई दुई चरणमा बोक्सीसम्बन्धी वृत्तचित्र पनि देखाइएको थियो।

## रोटरी क्लबद्वारा दशजनाको कृत्रिम खुट्टा जडान



रोटरी क्लबमा कृत्रिम खुट्टा जडान गरिएको र रोटरीका सचिव मुकेश अग्रवाल। तस्वीरः नितेश कर्ण

प्रस, वीरगंज, १५ मङ्सिर/

रोटरी क्लब अफ वीरगंजले बुधवार दशजनालाई निश्शुल्क कृत्रिम खुट्टा उपलब्ध गराएको छ।

वीरगंज–४ भगवती राइस मिलस्थित रोटरी क्लबको भवनमा दशजनामा कृत्रिम खुट्टा जडान गरिएको रोटरी क्लबका सचिव मुकेश अग्रवालले बताए।

उनले मारवाडी युवा मञ्च, धरानले दशजना खुट्टा नभएका व्यक्तिलाई आज वीरगंजमा कृत्रिम खुट्टा जडान गरेको जानकारी गराए। प्रतिव्यक्ति रु १२ हजार ५ सय कृत्रिम खुट्टा जडानमा खर्च भएको सचिव अग्रवालले बताए।

## महावाणिज्य दूतावास वीरगंजमा रक्तदान

प्रस, वीरगंज, १५ मङ्सिर/

अमृत महोत्सव र विश्व एड्स दिवसको अवसरमा वीरगंजस्थित भारतीय महावाणिज्य दूतावास कार्यालयमा बुधवार रक्तदान कार्यक्रम सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

महावाणिज्यदूत नितेश कुमारले रक्तदान कार्यक्रम गरेर कार्यक्रमको शुभारम्भ गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए। रक्तदान कार्यक्रममा विजयप्रसाद शर्मा, तसुन कुमार, सुभाषचन्द्र पाण्डे, अब्दुल हमिद, लोकेन्द्र सिंह, भुपेन्द्र तोमर, मुकेश कुमारलगायत १६ जनाले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले बताए।


लिङ्ग पहिचान गरी भ्रूणहत्या गर्नु अपराध हो।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड



हार्दिक शुभकामना

बारा क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य एवं जनता समाजवादी पार्टीका नेता **रामबाबूकुमार यादव** जनता समाजवादी पार्टी प्रदेश २ को अध्यक्ष पदमा चयन हुनुभएकामा उनको सफल कार्यकालको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं।
**रामेश्वरप्रसाद कलवार** (वडाध्यक्ष), परवानीपुर गाउँपालिका-४, बहुअरी

## विचारसार एवं सूक्तिहरू

**धनी बन्न एक–एक कण जोर्नुपर्छ, गुणवान् बन्न एक–एक क्षणको उपयोग गर्नुपर्छ । यस जुनीको पैसा अर्को जुनीमा काम लाग्दैन, तर पुण्य जन्मजन्मान्तरसम्म काम लाग्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# झन् बलियो

**पूर्व प्रधानमन्त्री एवं नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली दशौं महाधिवेशनबाट पुनः अध्यक्ष पदमा निर्वाचित भएका छन् । उनको तमाम प्रयासका बावजूद उनी निर्विरोध हुन सकेनन् । नेता भीम रावलले उनलाई चुनौती दिए । ओलीलाई पहिले नै थाहा थियो, प्रतिस्पर्धामा उनीसँग कोही जित्न सक्दैन, तर पनि उनले सर्वसम्मतिका लागि अन्तिम क्षणसम्म कोशिश गरे । उनी आफूमात्र होइन, पहिले नै आफूले प्रस्ताव गरेका सूची अनुसारका मानिस पनि जिते । यसले अहिले एमालेमा ओलीबाहेक कोही छैन भन्ने देखिएको छ । यो उनको लोकप्रियताको नमूना पनि हो । तर पार्टीमा मात्र लोकप्रिय भएर अधिनायकवादी शैलीमा नेतृत्व गर्ने, वैचारिक विरोधीलाई तह लगाउने, आफ्नै डम्फू बजाइरहने हो भने यस लोकप्रियताले उनको कद उकासिने छैन । निर्वाचन जित्नु एउटा कुरा हो, सबैको मन जित्न सक्नु नितान्त भिन्न कुरा हो । व्यक्तिको रूपमा ओली खारिएका राजनीतिज्ञ, असल रणनीति निर्माणकर्ता देखिएका छन् । पार्टी महाधिवेशनमा उनले दिएका अभिव्यक्ति तथा निर्वाचनमा अलिकति तलमाथि नभई आफ्नो सूची अनुसार सबैलाई विजयी बनाउनुले उनको त्यो खुबी प्रस्टिएको छ ।**

**असल योद्धा त्यो होइन, जसले रणसङ्ग्राम जित्दछ । असल योद्धा त्यो हो, जसले शत्रुलाई हराउन निर्धो–निर्दोषको बलि चढाउँदैन । फेरि पार्टी भनेपछि समान राजनीतिक विचारधाराका व्यक्तिहरूको सङ्गठन हो । त्यहाँ बढीमा वैयक्तिक विचार फरक हुन सक्छ, समग्रमा मतभेद र विमतिका प्रश्न उठ्दैन । र नेपालमा अहिले जुनसुकै पार्टी, उसका जस्तोसुकै अन्तर्राष्ट्रिय मान्यता रहे पनि, लोकतान्त्रिक पद्धति अँगालेर अगाडि बढिरहेको अवस्था छ । यस्तोमा व्यक्तिको अधिकार कुण्ठित पार्ने प्रयास हुनुहुँदैनथ्यो । ओलीलाई शुरूदेखि नै आफूमात्र होइन, आफूखुशी मानिसहरूलाई जिताउने विश्वास भएको स्थितिमा लोकतान्त्रिक निर्वाचन पद्धतिबाट पन्छिन खोज्नु उदेकलाग्दो कुरा हो । यसले पार्टीभित्र आफूले जे भन्यो त्यही हुनुपर्छ भन्ने दम्भ मात्र देखिन्छ । यसै दम्भले मानिसलाई तानाशाह बनाउँछ । आज विश्वमा सफलतापूर्वक साम्यवाद फस्टाइरहेको मुलुकहरूमा निश्चित नै अधिनायकवादी शासन पद्धति चलेको छ । अनि ओली पनि त्यही बाटोमा हिंड्न लागेको भान हुन्छ । जानीजानी पराजय बेहोर्न निर्वाचनमा उत्रेका एमाले नेताहरूले ओलीको विश्वास त डिगाउन सकेनन् तर उनको दम्भ भने तोडेका छन् ।**

**नेपाली राजनीतिक दलहरूको महाधिवेशनको लर्को चलिरहेको अहिलेको बेला नेकपा एमालेको दशौं महाधिवेशन सफलता र शान्तिपूर्वक सम्पन्न भएकोमा सबैलाई खुशी लागेको छ । यही रीति र थिति अन्य पार्टीको महाधिवेशनमा देख्न पाइयोस् । पदका लागि आपसी हानथाप होइन, प्रजातान्त्रिक पद्धतिलाई शिरोपर गरी महाधिवेशनहरू सम्पन्न भए देशवासीलाई पनि खुशी हुनेछ । यी पार्टीहरूका आन्तरिक खिचोलाले नै आजसम्म देशले अनुकरणीय उन्नति गर्न सकेको छैन । पार्टीभित्रको हार र जीतको धङधडी शासनमा पुगेर प्रदर्शन हुने गरेको छ । अनि सत्तामा पुग्नेले अहमत्याइँ गर्ने, सत्ता बाहिर बस्नेले प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्नुको साटो कूटनीतिक चालहरूबाट सत्तालाई थिलथिलो पार्ने कुकृत्यहरू बारम्बार देखिइरहेका छन् । ओलीको जीतले उनी देशको सबल र ठूलो पार्टीका नेता हुन् भन्ने देखाएको छ । उनले त्यस खुबीको प्रदर्शन असल प्रतिपक्ष बनेर देश हितमा गर्न सके निश्चय नै उनलाई नेपालको राजनेता मानिनेछ ।**

# आधुनिक समाजमा दासता र कार्यकर्ता

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**आजको युगमा औपचारिकरूपमा दासप्रथाको अन्त्य भइसकेको छ । दासप्रथाको अन्त्य भइसकेको भए पनि दासताको अन्त्य भइसकेको छैन । अझै पनि केही यस्ता मानिस छन्, जो अर्काको गुलामी गर्छन् तर दासता स्वीकार गरेको पाइँदैन**

विश्वबाट बिस्तारै सबै किसिमको दासता उन्मूलन भइरहेको छ । शिक्षा र चेतनाको विस्तार सँगसँगै जब आर्थिक समृद्धि हुँदै जान्छ तब बिस्तारै दासताले पनि उन्मूलनको बाटो समात्छ । एक दिन दुनियाँ यस्तो हुनेछ जब जहाँ कुनै किसिमको दासता हुने छैन ।

नेपालमा चन्द्र शम्शेरले गरेका राम्रा कामहरूमध्ये दासता उन्मूलन पनि एक हो । कतिपयले के पनि भनेका छन् भने चन्द्र शम्शेरको समयमा दासप्रथा उन्मूलन भएको हो, दासता होइन । दासता अहिले पनि अनेक रूपमा कायम छ हाम्रो समाजमा । यसलाई पूरै अस्वीकार गर्न सकिन्न ।

दासप्रथा र दासता एउटै कुरो होइन तर दासता चाहिं दाससँग सम्बन्धित नै होइन भन्ने चाहिं होइन । दासता उन्मूलन र दासप्रथा उन्मूलनको कुरा एकैपटक आउन सक्छ । यो स्वाभाविक हो ।

पहिले–पहिले मानिसको खरीद–बिक्री हुन्थ्यो । त्यस युगलाई नै दासयुग पनि भनिन्छ । दास मानिस त हुन्थे, तर उसलाई मानवीय हक प्रदान गरिन्नथ्यो । मानिसले पाउने आधारभूत कुरा पाउनु पनि दासको मालिक कस्तो प्रकृतिको छ भन्नेमा निर्भर हुन्थ्यो । दासलाई पशुलाई जस्तै बजारमा किनबेच गरिन्थ्यो । जोसित धेरै दास हुन्थ्यो, ऊ त्यति नै धनी वा प्रतिष्ठित कहलाउँथ्यो । बिस्तारै दासयुगबाट समाज अगाडि बढ्दै गयो र विश्वमा दास राख्न नहुने कुराले बल प्राप्त गर्न थाल्यो । संसारका विभिन्न देशबाट दासप्रथा उन्मूलन भइरहेको थियो त्यही समयमा नेपालमा पनि उन्मूलन भएको हो । यद्यपि नेपालमा भने केही पछि भएको हो । दासप्रथा उन्मूलन गर्दा तत्कालीन धेरै दासका मालिकहरूले असन्तुष्टि जनाएका थिए । यद्यपि त्यसको अर्थ रहेन, दासप्रथा उन्मूलन कार्य सफल भयो ।

दासप्रथा औपचारिकरूपमा उन्मूलन भएको धेरै समयसम्म अनौपचारिक रूपमा दास राख्ने वा दास बस्नेहरू देखिएका थिए । मनोविज्ञान वा मन तथा मस्तिष्कले नै दास बनिसकेकाहरूलाई स्वतन्त्रता प्यारो नलाग्न सक्छ । कहाँ जाने, के खाने, कसरी बस्नेजस्ता व्यावहारिक समस्या पनि आउन सक्छ तर कालान्तरमा यी सबै समाधान नहुने होइन । यदि मानिसले आफूलाई स्वतन्त्र मान्दछ भने उसले आफ्नो स्वतन्त्रताको रक्षाको लागि केही उपाय पनि गर्दछ । जसरी मानिस बाँच्नका लागि केही गरिरहन्छ त्यसैगरी आफ्नो स्वतन्त्रतालाई जीवन मान्ने हो भने आफ्नो स्वतन्त्रताको रक्षाको लागि पनि उसले धेरै कुरो सोच्न सक्दछ वा धेरै उपाय अवलम्बन गर्न सक्दछ । यसै कारण दासप्रथा उन्मूलनको पक्षमा नरहेका केही दासहरूका सन्तान अहिले स्वतन्त्र छन् ।

देशमा दासप्रथा छैन । दासप्रथा नहुँदा पनि मनोवैज्ञानिक वा मानसिक दासता रहेको धेरैको भनाइ छ । समाजमा अझै पनि दासताका अवशेष रहेको धेरैको बुझाइ छ । मनोवैज्ञानिक वा मानसिक दासताबारे धेरै कुरा आइरहन्छ । यस प्रकारको कुरालाई कतिपयले केवल आरोप भन्छन् । एकअर्कालाई यसरी आरोप–प्रत्यारोप गर्नेहरूले कुनै राजनीतिक दल वा कुनै राजनैतिक दलका अमुक नेताको दास भन्ने गरेका छन् ।

सबैभन्दा सजिलो हुन्छ आरोप लगाउनु । आरोप लगाउन किन सजिलो हुन्छ भने यसको लागि कुनै ठोस आधार दिनुपर्दैन । आफ्नो असन्तुष्टि पोख्न आरोप लगाइदिए पुग्छ । यसरी दासता पनि एक किसिमको आरोप नै हुनुपर्छ र दासताको विस्तृत अर्थ बताउनहरूले दास समाजको सबै क्षेत्रमा दासता रहेको बताउँछन् । यसरी पनि भन्दछन् कि हरेक मानिस कुनै न कुनै रूपमा कुनै न कुनै किसिमले दासताको जीवन बाँचिरहेको छ । पूर्णतया स्वतन्त्र जीवन कसैको पनि हुन सक्दैन । दासताको अवशेष हरेक मानिसमा हुन्छ ।

कोही सङ्गीतको दास हुन्छ, कोही नृत्यको दास हुन्छ, कोही साहित्यको दास हुन्छ, कोही अखबारको दास हुन्छ, कोही पठनको दास हुन्छ । यसरी जो जुन क्षेत्रमा अति धेरै लाग्दछ, ऊ त्यही क्षेत्रको दास हुन्छ । कुनै पनि कुराको धेरै बानी हुनु वा छोड्न नसक्ने अवस्थामा पुग्नु दास हुनु हो रे । त्यस्ताका दृष्टिमा छोड्न सक्ने अवस्थामा नहुनु, आफूलाई कुनै क्षेत्रमा त्यसले हानि नै पुऱ्याइरहेको भए पनि हानि बुझ्न नसक्नु वा हानिलाई हानि नमानेर त्यसमा लागिरहनु पनि दासता हो । कर्तव्यको दास हुनु पनि दासता हो र जुनसुकै कामलाई पनि दासता देख्नु दृष्टिकोणगत दासता हो । कुनै पनि काममा दासता नदेख्नु पनि दृष्टिकोणगत दासता नै हो ।

एकजना नेताजी भन्दै थिए : मेरो व्यक्तिगत जीवन पनि त होला नि ! जब म बिहान उठ्दछु तब केही मानिस आएर बसिरहेका हुन्छन् र दिनभरि कोही न कोहीसित व्यस्त रहनुपर्छ । यसरी व्यस्त रहँदा कहिले पार्टीको काम, कहिले सङ्गठनको काम त कहिले कुनै क्लब वा कुनै मानिसको काम गरिरहन्छु । अझ साँझ यदि घरमा छु भने अबेर रातिसम्म मानिसहरू आइरहन्छन् र सबैको कुरो सुन्नुपर्दछ । अझ कतिपय यस्ता पनि हुन्छन् जो यो भन्दछन् कि मेरो काम अहिले नै गरिदिनुस् । कतिपय अवस्थामा आफ्नो घरपरिवार, नाताकुटुम्ब र आफन्तसित टाढिनुपर्ने पनि हुन्छ । यस जीवनशैलीलाई जति गरे पनि कम गर्न सकिन्न । मलाई यसरी पनि कहिलेकाहीं लाग्दछ कि म समयको दास भइसकेको छु र समय नै मेरो दासता हो । कुनै बेला मनमा उब्जन्छ : के यो दासता नै मेरो जीवन हो ? के एउटै सिद्धान्तमा अडिग रहिरहनु पनि दासता हो ?

दासले गर्ने भनेको काम हो । त्यसैले दासलाई कतिपयले कार्यकर्ता पनि भन्दछन् । दास यस्तो कार्यकर्ता हो जो केवल काम गर्दछ । अर्थात् जसले केवल कार्य गर्दछ, ऊ कार्यकर्ता हो भनी अर्थ्याउनेहरू के भन्छन् भने जसको नीति, सिद्धान्त र अन्य कुनै केही पनि आफ्नो निजी हुँदैन र जो केवल अरूका लागि वा अरूले अह्राएको भरमा कार्य गर्दछ, उही दास हो ।

कोही कसैले आफूलाई कुनै पार्टीको कार्यकर्ता बताउँछ भने उसो भए ऊ पार्टीको दास हो ? यदि कोही व्यक्तिले कुनै नेतालाई आदर्श मान्दछ र आफूलाई ती नेताको कार्यकर्ता भन्दछन् भने ऊ दास हो ? यस प्रकारले अर्थ्याइनुहुन्न । कार्य गर्ने कर्ता हुन्छ भनेझैं कसैको कार्य गर्ने कार्यकर्ता हुन्छ । आफ्नो कार्य गर्ने पनि कार्यकर्ता नै हुन्छ । कार्यकर्ता भन्ने बित्तिकै केवल कुनै दल वा व्यक्तिको मात्र काम गर्ने व्यक्ति हो भन्ने बुझाइको दायरा फराकिलो बनाउनु आवश्यक छ ।

यद्यपि कोही लोभका दास हुन्छन्, कोही मोहका दास हुन्छन्, कोही धनका दास हुन्छन्, कोही सबै कुरा हुँदाहुँदै पनि मनका दास हुन्छन् । यी र यस्ता दासलाई दास भनिनुहुन्न ।

आजको युगमा औपचारिकरूपमा दासप्रथाको अन्त्य भइसकेको छ । दासप्रथाको अन्त्य भइसकेको भए पनि दासताको अन्त्य भइसकेको छैन । अझै पनि केही यस्ता मानिस छन्, जो अर्काको गुलामी गर्छन् तर दासता स्वीकार गरेको पाइँदैन । यस प्रकार दासताको अनेक रूप हुन सक्छ । यी र यस्ता सबै किसिमका दासता वा दासत्व अन्त्य हुनुपर्दछ । दासताको सम्पूर्णतः अन्त्य नभएसम्म विश्वका मानवले आफूलाई सम्पूर्णरूपमा स्वतन्त्र भएको पाउने छैन । दासताको विषयमा अझै पनि धेरै कुरा बुझ्न बाँकी छ र दासता उन्मूलनको पक्षमा मानव समुदायले अझै धेरै कुरा गर्न बाँकी छ । दासता उन्मूलनको यात्रामा मानव समुदायले अझै धेरै लामो बाटो काट्न बाँकी छ ।

# हिमपातको सम्भावना

काठमाडौं, १५ मङ्सिर/रासस

नेपालमा पश्चिमी वायुसँगै न्यून चापीय प्रणाली (पश्चिमी ट्रफ) र अरब सागरमा बनेको न्यूनचापीय क्षेत्र (कम दबाब प्रणाली) को प्रभावले आगामी तीन दिन हिमपातको सम्भावना देखिएको छ ।

जल तथा मौसम विज्ञान विभागले एक विशेष बुलेटिन निकालेर उक्त प्रणालीका कारण आज बेलुकादेखि देशका सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी र वाग्मती प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका धेरै स्थानमा मध्यमदेखि भारी हिमपात हुने सम्भावना देखिनाका साथै उक्त प्रदेशका पहाडी तथा तराईका केही भूभागमा फाटफुटदेखि हल्का वर्षाको समेत सम्भावना रहेको जनाएको छ ।

यी प्रणालीका कारण आगामी दिनमा तापक्रममा गिरावट आई चीसो बढ्न सक्ने सम्भावना रहेको बताइएको छ । विभागले यस मौसमी प्रणालीका कारण पर्वतारोहण, हवाई/यातायातलगायत दैनिक जनजीवनमा समेत असर पर्न सक्ने देखिएकोले सतर्क रहन अनुरोध गरेको छ ।

आइतवार साँझदेखि पुनः अर्को पश्चिमी न्यून चापीय प्रणालीको प्रभाव देशमा पर्न सक्ने सम्भावना देखिएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम ६.३ डिग्री र अधिकतम तापक्रम २१.० डिग्री सेल्सियस रहेको छ ।

त्यस्तै आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम –२.० डिग्री र सबैभन्दा धेरै भैरहवाको अधिकतम तापक्रम ३० डिग्री सेल्सियस रहेको छ ।



तस्वीरः फाइल

# अब्बल राजनीतिक लेख

पाठक प्रतिक्रिया

१३ गते प्रतीकको शिक्षा नेपालमा अनन्तकुमारलाल दासको लेख 'लोकतन्त्रमा विपक्षको भूमिका' पढेर अचम्म लाग्यो । यो त शिक्षा नेपाल होइन, राजनीति नेपाल पो रहेछ । यदि लेखक शिक्षा छाडेर राजनीतिमा कलम चलाउन चाहन्छन् भने बिल्कुल स्वागत छ । स्वागत यस कारण पनि छ किनभने उनको यो लेख पनि 'क' वर्गमा राख्ने खालको छ । भनिन्छ कि सरकार सत्तापक्षको र संसद् विपक्षको हुन्छ । संसद् र सडकमा आवाज उठाएर विपक्षले सत्तापक्षको लगाम आफ्नो हातमा किन राख्नुपर्छ भने सत्ताको घोडा अनियन्त्रित नहोस् र देश तथा समाजलाई कुनै भीरमा नलडाइयोस् । विपक्ष कस्तो हुनुपर्छ भन्ने कुरा म दुश्यन्त कुमारको एक पङ्क्तिबाट व्यक्त गर्न चाहन्छु–

**सिर्फ हङ्गामा खडा करना हमारा मकसद नहीं ।**
**सारी कोशिश ये है कि सुरत बदलनी चाहिये ॥**

तर अपसोचको साथ भन्नुपर्छ कि भारत र नेपालका विपक्षी केवल हङ्गामा खडा गर्ने गर्छन् । भारतमा अहिले विपक्षीको हङ्गामाका कारण आठजना सांसद निलम्बित भएका छन् । अहिले ओली नेतृत्वको विपक्षीले त संसद् नै चल्न दिने जस्तो देखिंदैन । लोहिया, बाजपेयी र फर्नान्डिस जस्ता विपक्षी आवाज आज नदारद छ । बाजपेयीले कुनै बेला इन्दिरा गाँधीलाई दुर्गासमेत भनेर आफ्नो सकारात्मक विपक्षीको भूमिकामा देखिएका थिए । यस्तो सकारात्मकता देख्न अब आँखा तर्सन्छ । नेपालमा त यसको कल्पना पनि गर्न सकिंदैन । यहाँ त सत्तापक्षले पहिले नै विपक्षको भाग निकालेर उसको मुख थुनेको हुन्छ । यसरी विपक्ष विपक्ष होइन बाँदरको पुच्छर बनेको हुन्छ । जब ओलीले देउवा वा प्रधानन्यायाधीशको भाग निकालिदिन्छन् भने प्रधानन्यायाधीशले पनि एउटा फैसला देउवाको र अर्को फैसला ओलीको पक्षमा गरिदिन्छन् । जनता हेरेको हेऱ्यै हुन्छ । यस्तो क्रियाकलाप सत्तापक्ष र विपक्षको फिक्सड म्याचबाहेक केही हुँदैन । नेपालमा आज यही भइरहेको छ । फलतः देश र जनताको रक्षा श्री पशुपतिनाथको हातमा छ । आफ्नो राजनीतिक लेखको विषयलाई पनि यसरी प्रस्टसँग बुझाइदिएकोमा लेखकलाई बधाई छ ।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# महाधिवेशन र महँगी

मन्तव्य



कुमार रुपाखेती

**चन्दा वसुल्न काङ्ग्रेस, कम्युनिस्टहरू नेपालमा माहिर मानिन्छन् र अपारदर्शी खाताबही सञ्चालन गर्न यी दलहरू व्यापारी, उद्योगीझैं सिपालु हुन्छन् । अब यस्तो अवस्थामा जनताले पाउने उपहार भनेको मूल्यवृद्धि र महँगी नै हो ।**

अचेल दशैं, तिहार र छठ पर्वजस्ता महान् चाडहरू मूल्यवृद्धिका द्योतक मानिन थालिएका छन्। यी चाडहरू आउनुअगावै महँगीले 'आ गले लग जा' गरिहाल्छ । अब त चाडपर्व मात्र होइन निर्वाचन, राजनीतिक ठूला दलहरूका महाधिवेशनहरूले समेत महँगी बढाउन चाडपर्वकै बिडो थामेका छन् ।

सबैलाई थाहै छ, नेपालका दुई ठूला दल काङ्ग्रेस र एमालेको महाधिवेशन हुँदैछ । यी महाधिवेशनको प्रभावले गर्दा सस्तिने सामानहरूसमेत महँगिएका छन्। एमालेले त फिल्म छायाङ्कन योग्य भव्य सेट नै नारायणी नदीको किनारामा बनाएको छ । पर्यटकहरूसमेतले नेपालकै महँगो भनिने सौराहामा एमालेले बन्दसत्र गरेको छ । तामझाम देखाउन विद्युतीय मेशिनबाट भोटिङ पनि गरेको छ । सबैलाई थाहै छ, जेसुकै भने पनि यी महाधिवेशनहरू आम निर्वाचनमुखी हुन्। विधानमा एकथरी र व्यवहारमा अर्को थरी गर्ने दलहरूको परम्परा नै छ । एमालेले १०औं महाधिवेशनमा जम्माजम्मी रु सात करोड खर्च गर्ने सर्वहारा सोच राखे पनि पूँजीपती स्टाइलमा भएको यो महाधिवेशनको लागत रु ५० करोडले पनि धान्न नसक्ने देखिन्छ । खल्तीबाट मान्छे चुनिने एमालेको यो तडकभडकवाला महाधिवेशनमा ओलीको प्रतिस्पर्धा शून्यसँग हुने पक्कापक्की छ । माधव र झलनाथलाई बिदा गरेपछि अब ओलीको हाइट मिल्दोजुल्दो नेता त्यो पार्टीमा छैन। राजा ज्ञानेन्द्रलाई टिकेहरूले डुबाएझैं एमालेका नवराजा ओलीलाई एमालेकै टिकेहरूले भविष्यमा सखाप पार्ने दिनको घामझैं छर्लङ्ग छ । अहिलेसम्म छानिएका १६ सय प्रतिनिधिमध्ये करीब १४ सय त ओलीकै पक्षधर हुन् । कुनै बखत माधव नेपालका पक्षधर भनिने १० बुँदे पक्षीय दश भाइ अहिले बालकोट पुगेर पदको याचना गर्न बाध्य बनाइएका छन् । भनिन्छ, मुलुक कब्जा गर्छौं भनी धक्कु लगाउने कम्युनिस्टका शीर्ष नेताहरू अचेल झिटिगुन्डा बोकेर आफ्नो टुटफुट भएको पार्टी कब्जामा सीमित भएका छन् । यो घटुवा होइन र ? बिचरा ओलीले त १०औं महाधिवेशनमा पार्टीको झन्डा बोकेको गैंडाको लोगो बनाएका छन् । त्यसै पनि गैंडा नेपालबाटै लोप हुँदैछ । अब लोप हुन लागेको गैंडाले बोकेको झन्डावाल पार्टीको अवस्था पनि गैंडाजस्तै हुने पो हो हो कि भनी कार्यकर्ताहरू त्राहिमाम छन् । टिकेहरूकै दमखममा तिहारमा केटाकेटीहरूले पड्काउने पटाकाझैं ओली 'एक्लै चुनाव लड्ने दम छ र ?' भन्दै काङ्ग्रेससँग पड्किँदै छन् । भनिन्छ, पार्टीका लागि जनमत तयार गर्न नसक्नेहरू आत्तिएर पात्तिएर यस्तै लबरई गरिरहन्छन् । सङ्क्षेपमा भन्ने हो भने एमाले कमजोर भएपनि एमालेभित्र ओली शक्तिशाली छन् । पार्टीभित्र उनको भजनमण्डलीको ठूलै जत्था छ । 'रस्सी जल गई, ऐंठन नहीं गई' भनेको यही हो । टुट र फुटले क्षीण र थिलथिलो हुँदासमेत गर्जन नघट्नुलाई धेरैले व्यक्तिवादी, अहङ्कारी चरित्र भनी व्याख्या गर्दैछन् । तराईतिर यही वीरगंजमा समेत फगुवा (होली)मा मूर्ख, महामूर्ख, मूर्खाधिराज, मूर्ख शिरोमणिको पदवी दिइन्छ । ओली जस्तालाई खै कुन पदवीले विभूषित गर्ने होला ? उनले १०औं महाधिवशेनलाई किन फगुवा बनाएका हुन्, उनै जानून् ।

काङ्ग्रेस र एमाले मात्रै होइन नेपालका झिनामसिना दलहरूसमेत चन्दाकै भरमा चलेका छन् । कार्यकर्ताहरूबाट उठाइने शुल्क त फगत एउटा ढोंग मात्र हो । ठूला दलहरूलाई उद्योगी–व्यापारीले निर्वाचन र महाधिवेशनमा दिल खोलेर आर्थिक सहयोग, चन्दा दिन्छन् । यस्ता चन्दाहरू दुई नम्बरी, अवैध पैसा हुन् । यही अवैध पैसाले मुलुकमा भद्रगोल गरेको छ । थुप्रै अर्बपति व्यापारीले नेपालमा अवैध धनलाई वैध बनाइरहेको सबैलाई थाहै छ । यस्तो कार्यमा आफ्नो चन्दादाता दुहुने गाईलाई राजनीतिक दलहरूले सघाउनु स्वाभाविकै हो । दशैं, तिहार, छठ, महाधिवेशन र निकट भविष्यमा हुने तीनैथरीका निर्वाचनमा राजनीतिक दलको होइन, उद्योगी, व्यापारीहरूको ठूलो लगानी हुँदैछ । आफ्नो लगानी खेर जान नदिन मूल्यवृद्धि उनीहरूको एकमात्र रामबाण अस्त्र हो । दुहुनो गाईको लात (महँगी) आम जनताले भोग्नुपरिरहेको छ ।

अर्को ठूलो दल काङ्ग्रेस र सानो दल राप्रपा पनि महाधिवेशनको सङ्घारमा छन् । आफ्नो साइज अनुसार आर्थिक गाँस व्यापारीहरूले उपलब्ध गराइरहेका छन् । चन्दा वसुल्न काङ्ग्रेस, कम्युनिस्टहरू नेपालमा माहिर मानिन्छन् र अपारदर्शी खाताबही सञ्चालन गर्न यी दलहरू व्यापारी, उद्योगीझैं सिपालु हुन्छन् । अब यस्तो अवस्थामा जनताले पाउने उपहार भनेको मूल्यवृद्धि र महँगी नै हो । बजार भाउ देख्दा यो कुराको अनुमान लगाउन कठिन छैन ।

एकातिर एमालेमा अध्यक्ष पदमा ताल ठोल्ने ओलीबाहेक कोही छैन, मैदान खाली छ भने काङ्ग्रेसमा देउवाको सभापति पदमा लड्नेहरूको ठूलो भीड छ । चुनौतीविहीन र सशक्त चुनौतीको सामना गर्दै यी दुई दलका ओली र देउवा दुवैजनाले साम्यवाद र समाजवादलाई उहिल्यै तिलाञ्जलि दिइसकेको भन्ने स्पष्ट छ ।

आम जनतालाई प्रभावित र आकर्षित गर्न असफल एमाले र काङ्ग्रेसका यी महाधिवेशन चर्चामा आउनुका दुईवटा कारण छन् । पहिलो, अध्यक्ष पदमा ओलीलाई चुनौती दिने मर्द एमालेमा नदेखिनु, दोस्रो देउवालाई सभापति पदमा ठेटनाहरूले समेत चुनौती दिनु । केहीको नजरमा देउवा र ओलीको सान होला । तर काङ्ग्रेस, एमाले अब सानदार पार्टीको श्रेणीमा दरिँदैनन् ।

**साहित्य सम्बन्धी**

ख्यातिप्राप्त स्थानीय साहित्यकारहरूले प्रभात काव्य–यात्रालाई जीवन्त राखेका थिए । प्रतीक दैनिक परिसरमा करीब दुई दशकअगाडिभन्दा अघिदेखि प्रभात काव्य–यात्रा साहित्यिक जमघट हुन्थ्यो । पछि भएन । कालान्तरमा केही दशक स्व अरुण विक्रम शाहले नथाकेर यसलाई निरन्तरता दिए । अरुणले सञ्चालन गरेको प्रभात काव्य–यात्राको साहित्यिक कार्यक्रम प्रतीक दैनिकले अन्तिम पृष्ठको पुछारमा सङ्क्षेपमा छाप्ने गर्दथ्यो । तर एक्कासि प्रतीकले प्रभात काव्य–यात्राको कार्यक्रम आइतवार ५ गते मङ्सिरको प्रथम पृष्ठमा प्रमुख समाचार बनाएर फोटोसहित छाप्यो । कारणतिर नगएर म स्व अरुण विक्रम शाहको आत्माको चिरशान्तितिर लागें । सुन्नुभो, अरुण दाइ प्रभात काव्य–यात्राको अर्को कार्यक्रम एसपी साब'कोमा रे । प्रतीकले अब उप्रान्त पुछारमा होइन, प्रथम पृष्ठमा प्रकाशन गर्ने रे ।

यसरी अरुणको प्रभात काव्य–यात्राले उँची छलाङ लगाउन थालेकोमा धेरैजना हर्षित छन् । प्रभात काव्य–यात्राको पदोन्नति भएको छ । बिचरा अरुणले त बिरालोले कुनाकाप्चामा बच्चा सारेझैं महीनौंपिच्छे ठाउँ खोज्दै भौंतारिँदै सङ्घर्ष गर्दै कार्यक्रम स्थल खोज्दै हिंड्थे । अब त्यो अवस्था रहेन । अब त स्थानीय धनक्कड साहित्यकार, प्रशासनका हाकिम, वरिष्ठ पत्रकारहरूको संरक्षण र सङ्गतमा पुरानो अवस्थाबाट माथि झन्झन् माथि उठ्ने देखिन्छ । अरुणको त्यो निरन्तरता प्रचारमा मात्र होइन वास्तविकरूपमा साहित्यप्रति समर्पित होस् । स्थानीय साहित्यकारहरूको संरक्षण र विकास गर्ने थलो बनोस् । अरुणको आत्मालाई शान्ति मिल्नेछ, पक्का छ ।

# घूससहित कार्यालय प्रमुख र अमिन पक्राउ

भरतपुर, १५ मङ्सिर/रासस

चितवनमा सेवाग्राहीबाट घूस लिंदै गर्दा मालपोत कार्यालयका प्रमुख र वडा कार्यालयका अमिन पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौंको टोलीले मालपोत कार्यालय चनौलीका मालपोत अधिकृत मुकुन्द पौडेल र भरतपुर महानगरपालिका–२० का अमिन वीरेन्द्रबहादुर कठायतलाई घूस लिंदै गर्दा पक्राउ गरेको हो ।

मालपोत अधिकृत र वडा कार्यालयका अमिनले भरतपुरका एक सेवाग्राहीसँग जग्गाको कित्ताकाट गरिदिने भन्दै घूस लिएका हुन् । करीब ३८ कट्ठा जग्गा आफ्नै बुबाबाट पत्नी, छोरा र छोरीको नाममा अंशबन्डा गरिदिन भन्दै सेवाग्राही वडा कार्यालय तथा मालपोत पुगेका थिए । जग्गाको अशंबन्डा नभई प्लटिङ गर्न लागेको भन्दै सेवाग्राहीसँग कार्यालय प्रमुख र अमिनले घूस मागेका थिए । अशंबन्डा गर्दा पनि घूस मागेको भन्दै सेवाग्राहीले अख्तियारमा उजूरी गरेका थिए ।

प्रमुख पौडेलका साथबाट अख्तियारको टोलीले रु १५ लाखको चेक र रु ५० हजार नगद बरामद गरेको छ । उनलाई कार्यालयभित्रै रहेको क्वार्टरमा घूस लिंदै गर्दा पक्राउ गरिएको हो । प्रमुख पौडेलले रु १५ लाखको चेक घूस नभई आफूले लिनुपर्ने ठाउँबाट पाएको बताएका छन् ।

यस्तै, अमिन कठायतका साथबाट रु तीन लाख ५० हजारको चेक र नगद रु एक लाख ५० हजार बरामद गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहायक प्रवक्ता एवं सूचना अधिकारी वेदप्रसाद भण्डारीले जानकारी दिए । उनलाई भरतपुर–४ धर्मचोक लङ्कुमा रहेको एक रेस्टुरेन्टबाट पक्राउ गरिएको हो । दुवैजनाले एउटै सेवाग्राहीबाट रकम लिएका हुन् । घूस रकमसहित दुवै कर्मचारीलाई नियन्त्रणमा लिइएको छ । अन्य कर्मचारी पनि सहभागी हुन सक्ने भएकाले थप अनुसन्धान अघि बढाइएको भण्डारीले बताए ।

## दुर्घटनामा एकजनाको मृत्यु

जनकपुर, १५ मङ्सिर/रासस

जनकपुर–ढल्केबर सडकखण्ड अन्तर्गत धनुषाको महेन्द्रनगरमा बुधवार बिहान मोटरसाइकल दुर्घटना हुँदा एकजना युवकको मृत्यु भएको छ ।

काठमाडौंबाट ज.१२प ५२२५ नम्बरको मोटरसाइकलमा घर फर्किने क्रममा मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकल चालक धनुषाको कमला नगरपालिका–३ लगमा निवासी २३ वर्षीय विजय मोरवैता यादवको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते यादवलाई तत्कालै उपचारका लागि जनकपुरस्थित प्रादेशिक अस्पताल ल्याउने क्रममा बाटोमैं मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, धनुषाले जनाएको छ ।



**भद्रगोल र गन्जागोलः** पावरहाउस चोकमा ट्राफिक व्यवस्था भद्रगोल छ भने माथि पोलमा इन्टरनेट तारको गन्जागोल छ । १० बजेपछि पावरहाउस र यातायात कार्यालयनजीकै दिनहुँ सवारीसाधनको जाम लाग्ने गर्छ । तस्वीरः प्रतीक

## फरक समाचार

# कोरोना र चीसोमा नुहाउँदा ध्यान दिनुपर्ने कुरा

सधैं नुहाउनु सही कुरा हो । यसबाट ताजा महसूस गर्छौं र अन्य रोगबाट पनि बच्छौं । तर नुहाउने बेलामा धेरैजसोले गलती गर्छन् । यो गलती बिस्तारै–बिस्तारै कैयौं गम्भीर रोगका कारण बन्न सक्छ । हाल कोरोनाको महामारी चल्दैछ र



जाडोको मौसम पनि छ । यसबेला नुहाउने समयमा केही गलती गर्नुहुँदैन ।

**पटक–पटक नुहाउनुः** सधैं नुहाउने एउटा बानी हुन सक्छ, तर जबसम्म तपाईंको शरीर फोहर हुँदैन र पसिनाले भिजेको हुँदैन भने सातामा धेरैपटक नुहाउनु आवश्यक छैन । सधैं नुहाउँदा छालाको स्वस्थ तेल र ब्याक्टेरिया निस्किन्छ । यसैले सधैं नुहाउँदा छाला सुक्खा र खस्रो हुन्छ र खराब ब्याक्टेरिया फाटेको छालाको माध्यमबाट शरीरभित्र प्रवेश गर्छ । जब शरीरलाई सामान्य फोहर र ब्याक्टेरियाको सम्पर्कमा ल्याउँछौं, तब यसले वास्तवमा तपाईंको प्रतिरक्षा प्रणालीलाई मजबूत गर्न मदत गर्छ । साथै धेरैपटक नुहाउँदा पानी पनि खेर जान्छ ।

**गलत साबुनको प्रयोगः** जीवाणुरोधी साबुन राम्रो किसिमको हुनुपर्छ, जसले थुप्रै जीवाणुलाई मार्न सक्छ । केही साबुनले छालालाई सुक्खा गर्छ । जसले गर्दा खराब ब्याक्टेरिया शरीरभित्र पस्न सक्छ । हलुका र सौम्य साबुन प्रयोग गर्नुपर्छ, जसमा मोइस्चराइजर होस् ।

**तौलियालाई सही ढङ्गले नधुनुः** भिजेको तौलिया ब्याक्टेरिया, यिस्ट, मोल्ड र भाइरसका प्रजनन स्थल हुन्छ । फोहर तौलियाले खुट्टाको नङमा खटिरा, चिलाउने, एथलिट फूट र कोठी हुन सक्छ । यसबाट जोगिन सातामा कमसेकम एकपटक तौलिया धुनुपर्छ । उपयोगपछि राम्ररी सुकाउनुपर्छ ।

**तातो पानीले नुहाउनुः** लामो समयसम्म तातो पानीले नुहाउनु जाडोमा मजा आउँछ तर यसले छालाको प्राकृतिक तेललाई हटाउँछ र सुक्खा र खस्रो बनाउँछ । शरीरलाई तातो पानीमा ५–१० मिनेटसम्म शावरमा राख्नुपर्छ । यदि एक्जिमा वा सोरायसिस भएको छ भने यसबाट निकै फाइदा पुग्छ ।

**कपाललाई पटक–पटक धुनुः** टाउको तैलीय छैन भने कपाललाई प्रतिदिन धुनुपर्ने आवश्यकता छैन । यदि तपाईंको कपाल घुम्रिएको, बाक्लो वा रासायनिकरूपले उपचारित छ भने कपाललाई कम धुनुपर्छ र सुक्खा हुन दिनुहुँदैन । यदि हरेक दिन कसरत गर्नुहुन्छ र पसिना बगाउनुहुनछ भने नियमितरूपले कपाल धुनुपर्छ । उमेर छिप्पिंदै जाँदा पटक–पटक स्याम्पु गर्नुपर्दैन, किनभने तपाईंको टाउकोमा कम तेल बन्न थाल्छ ।

**शावरहेडको सफाइः** शावरहेड ब्याक्टेरियाको घर हो, जब पानी चल्छ, तब ब्याक्टेरिया सासद्वारा शरीरमा प्रवेश गर्न सक्छ । तसर्थ शावरहेडलाई उम्लिएको पानीमा सफा गर्नुपर्छ ।

**नुहाउनेबित्तिकै मोइस्चराइजर लगाउनुः** लोशन, क्रिम वा कुनै पनि मोइस्चराइजरले छालालाई नरम पार्ने काम गर्छ । नुहाउने बित्तिकै यस्ता क्रिम लगाउनुहुँदैन । शरीर सुखेपछि केही मिनेटभित्रै मोइस्चराइजर लगाउनुपर्छ ।

**गलत अङ्गमा साबुनको प्रयोगः** शरीरका सबै क्षेत्र सफा गर्न साबुन आवश्यक हुँदैन । साबुनलाई काखी, कमर, खुट्टा, हात र अनुहारसम्म सीमित राख्नुपर्छ । गोप्य अङ्गमा साबुनको प्रयोग गर्दा जलन हुन्छ र प्राकृतिक ब्याक्टेरियाको सन्तुलन बिग्रिन सक्छ, जसले गर्दा ब्याक्टेरियल भेजिनोसिस हुन सक्छ ।

सानातिना काटेको वा घाउलाई नुहाउने बेलामा ढाक्नुपर्दैन । पट्टी उतारेर तातो पानी र साबुनले हरेक दिन सफा गर्नुपर्छ । सुखेपछि नयाँ पट्टी लगाउनुपर्छ । गम्भीर घाउको हेरचाहको लागि चिकित्सकसँग सल्लाह लिनुपर्छ ।

**बाथरूममा भएको पर्दाको सफाइः** नुहाउने स्थानमा यदि पर्दा छ भने त्यसमा साबुनको मैलो जम्मा हुन्छ । यसले ब्याक्टेरिया उत्पन्न गर्छ । जसले गर्दा रोग पनि लाग्न सक्छ ।

## खोकीको घरेलु उपचार

- पाँचवटा मरिच र चौथाइ ग्राम सोंठलाई पिसेर एक चम्चा महमा मिसाएर बिहान–बेलुका चाटेपछि कफ भएको खोकी निको हुन्छ ।



- बेसारको दुई ग्राम चूर्णमा थोरै बिरेनून मिलाएर खाने र त्यसपछि थोरै पानी पिउँदा खोकी निको हुन्छ ।
- एक चिम्टी ल्वाङलाई महसँग दिनमा तीन/चार पटक चाटेपछि खोकीमा आराम हुन्छ ।
- कागतीमा नून, मरिच र चिनी भरेर तातो गरेर चुसेपछि खोकी, दम र ज्वरोमा राहत पुग्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## भारतमा ३ करोड ४५ लाख ९६ हजार ७७६ सङ्क्रमित

नयाँ दिल्ली, १५ मङ्सिर/सिन्ह्वा

भारतमा हिजो मङ्गलवार आठ हजार ९५४ जनामा कोरोना सङ्क्रमण देखा



परेपछि कोरोना सङ्क्रमितको कुल सङ्ख्या तीन करोड ४५ लाख ९६ हजार ७७६ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले बुधवार जानकारी दिएको छ।

मङ्गलवार कोरोना सङ्क्रमणबाट २७६ जनाको मृत्यु भएपछि कुल मृतक सङ्ख्या चार लाख ६९ हजार २४७ पुगेको छ। भारतमा अझै पनि ९९ हजार २३ जना सक्रिय सङ्क्रमित रहेका समाचारमा जनाइएको छ। गएको २४ घण्टामा भारतमा १० हजार २०७ जना कोरोनाबाट मुक्त भएका छन्। यससँगै कोरोना शुरू भएयता हालसम्म तीन करोड ४० लाख २८ हजार ५०६ जना सङ्क्रमणमुक्त भएका छन्।

### बेलायतले १८ वर्षमाथिका सबैलाई कोरोनाविरुद्ध खोपको बुस्टर डोज दिने

लन्डन/सिन्ह्वा

बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले यहाँका १८ वर्षमाथिका सबै नागरिकलाई कोरोनाविरुद्ध खोपको बुस्टर मात्रा दिने जानकारी दिएका छन्। उनले मङ्गलवार आयोजित एक पत्रकार सम्मेलनमा सो कुरा बताएका हुन्। उनले भने–"सरकारले आगामी जनवरी अन्त्यसम्म बेलायतका १८ वर्षमाथिका सबै नागरिकलाई बुस्टर डोज खोप दिनेछ।"

यस प्रयोजनका लागि बेलायत सरकारले देशभरि एक हजार ५०० खोप केन्द्रको व्यवस्था गरेको र जनवरी अन्तिमसम्म १८ वर्षमाथिका नागरिकलाई खोप दिने पनि बताए। उनले अब अहिलेकै अवस्थामा बेलायतमा अर्को लकडाउन नगरिने पनि बताए। उनले नयाँ भाइरस ओमिक्रोनविरुद्ध लड्न नागरिकले नै सरकारलाई सघाउनुपर्छ, अब लकडाउन लागू हुँदैन भने।

### यात्रा प्रतिबन्ध मात्र समाधान होइन -विश्व स्वास्थ्य सङ्गठन

जेनेभा/सिन्ह्वा

हालै अफ्रिकामा देखिएको भनिएको कोरोना भाइरसको ओमिक्रोन नामक भेरिएन्ट नियन्त्रणका लागि यात्रा प्रतिबन्ध मात्र समाधान नभएको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले जनाएको छ। कोरोना भाइरसको ओमिक्रोन भेरियन्टले विश्वभरि सङ्क्रमणको उच्च जोखिम बढाउने भन्दै चेतावनी यस अघि पनि विश्व स्वास्थ्य सङ्गठनले दिँदै आएको छ।

यो भेरियन्ट अफ्रिकामा देखिएपछि त्यसको नियन्त्रणका लागि विश्वका कतिपय देशहरूले अफ्रिकी देशहरूमा यात्रा प्रतिबन्ध लगाएका छन्। विश्व स्वास्थ्य सङ्गठनले यो भेरियन्टले विश्वका केही क्षेत्रमा नराम्रो असर गर्न सक्ने र गम्भीर परिणामहरू निम्त्याउन सक्ने भन्दै यसबाट बच्नका लागि जन स्वास्थ्यका मापदण्ड परिपालना गर्ने कुरामा जोड दिँदै आएको छ।

विश्व स्वास्थ्य सङ्गठनका निर्देशक टेड्रोस आधनाम गेब्राएससले यो नयाँ प्रजातिबाट बच्नका लागि पनि विश्वका देशहरूलाई स्वास्थ्य मापदण्डको पालना गर्न आग्रह गरेका छन्। उनले गरीब देशहरूमा खोपको व्यवस्था गर्न, सबै नागरिकमा खोप सर्वसुलभ बनाउन पनि माग गरे। यो नयाँ भेरियन्ट यसै महीनाको शुरूमा दक्षिण अफ्रिकामा पत्ता लागेको थियो। प्रारम्भिक प्रमाणहरूले यसको सङ्क्रमण जोखिम धेरै रहेको देखाएको थियो।

उक्त भेरियन्ट पत्ता लागेकोबारे तत्कालै सार्वजनिक गरिएको भनेर विश्व स्वास्थ्य सङ्गठनका निर्देशक गेब्रिएससले दक्षिण अफ्रिकाको प्रशंसा पनि गरेका थिए। नयाँ भेरियन्ट पत्ता लागेको कुरा समयमैं दक्षिण अफ्रिकाले खबर गऱ्यो, समयमैं भन्यो, तर उसलाई सहयोग गर्ने, धन्यवाद दिने काम गर्नुको सट्टा उसैलाई दण्डित गरेर यात्रा प्रतिबन्ध लगाइएको छ, यो राम्रो भएन उनले बताए।

### नाइजेरियामा पनि भेटियो ओमिक्रोन

अबुजा/एएफपी

कोरोना भाइरसको नयाँ भेरियन्टका रूपमा देखिएको ओमिक्रोन भाइरस नाइजेरियामा पनि भेटिएको छ। अफ्रिकी देशहरूमध्ये सबैभन्दा धेरै जनसङ्ख्या भएको मुलुक नाइजेरियामा बुधवार ओमिक्रोनबाट सङ्क्रमित पहिलो बिरामी भेटिएका हुन्।

दक्षिण अफ्रिकाबाट फर्किएका तीनजना यात्रीमध्ये एकजनामा ओमिक्रोनको सङ्क्रमण पुष्टि भएको अधिकारीहरूले जनाएका छन्।

नाइजेरियाको रोग नियन्त्रण केन्द्रका प्रमुख आइफेडायो अडेटिफाले भने, "हामीले गरेको परीक्षणबाट नाइजेरियामा पहिलो ओमिक्रोन सङ्क्रमित भेटिएको छ।" उनले ती सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा आएकाहरूको खोजी गरी उनीहरूलाई आइसोलेशनमा राखेर परीक्षणसमेत गर्न लागिएको जानकारी दिए।

"ओमिक्रोन विश्वभरिको चासो र सरोकारको विषय हो, त्यसैले पनि हामीले सतर्कता अपनाउनु र थप फैलिनबाट रोक्नुपर्दछ," उनले भने। नाइजेरियामा कोरोना भाइरसका कारण अहिलेसम्म दुई हजार ९७६ जनाको मृत्यु भएको र दुई लाख १४ हजार ११३ जना सङ्क्रमित भएको अधिकारीहरूले जनाएका छन्।

तर कतिपयले भने सरकारी अधिकारीहरूले दिएको विवरणभन्दा धेरै मानिसको मृत्यु भएको र त्योभन्दा धेरै सङ्क्रमित भएको दाबी गरेका छन्।

कोरोना भाइरसको परीक्षण निकै कम मात्रै भएकाले पनि सङ्क्रमित भएका र मृत्यु भएकाहरूको विवरण कम देखिएको उनीहरूको भनाइ छ।

### जापानले ओमिक्रोन भेरियन्टको कारण नयाँ आगमन उडान बुकिङ रोक्यो

टोकियो/एएफपी

जापानले ओमिक्रोन भाइरस भेरियन्टको कारण एयरलाइन्सहरूलाई नयाँ आगमन उडान बुकिङहरू बन्द गर्न आग्रह गरेको यातायात मन्त्रालयले बुधवार जानकारी दिएको छ। ओमिक्रोन भाइरस भेरियन्टका पहिलो मामिला पुष्टि गरेको एक दिनपछि आगमन भएका यात्रीमा दोस्रो सङ्क्रमण पत्ता लागेपछि सो निर्णय आएको बताइएको छ।

"हामीले डिसेम्बर १ देखि एक महीनाका लागि सबै नयाँ आगमन उडान रिजर्भेशनहरू स्वीकार गर्न रोक्न एयरलाइन्सहरूलाई आग्रह गरेका छौं," यातायात मन्त्रालयका एक अधिकारीले भने। विद्यमान बुकिङमा असर नपर्ने पनि उनले बताए। जापानको सरकारले पहिले नै आफ्नो सीमा सुरक्षामा कडाइ गरिसकेको छ। दश दक्षिण अफ्रिकी राष्ट्रहरूबाट आउने सबै गैरनागरिकलाई प्रवेशमा प्रतिबन्ध लगाएको छ।

भाइरसको डरले दर्जनौंभन्दा बढी देशबाट आएका नागरिकहरू र विदेशी बासिन्दाहरूका लागि क्वारेन्टाइन उपायहरू पनि कडा बनाइएको छ। जापानी अधिकारीहरूका अनुसार ओमिक्रोनको दोस्रो मामिला बुधवार पेरुबाट आएका यात्रीमा पुष्टि भएको थियो। पहिलो मामिला, मङ्गलवार घोषणा गरियो, जसमा नामिबियाबाट आएका एक व्यक्ति समावेश थिए। रासस

## अमेरिकाको विद्यालयमा गोली चल्दा तीनजनाको मृत्यु, आठ घाइते



घटनापछि अभिभावकको साथमा विद्यार्थीहरू। तस्वीर: एपी

अक्सफोर्ड, १५ मङ्सिर/एएफपी

अमेरिकाको एउटा विद्यालयमा भएको गोली प्रहारसम्बन्धी घटनामा परी कम्तीमा तीनजनाको मृत्यु भएको छ। देशको ओकल्यान्ड काउन्ट्री अन्तर्गत पर्ने मिचिगनमा रहेको अक्सफोर्ड उच्च माध्यमिक विद्यालयमा मङ्गलवार घटना भएको हो।

विद्यालयका १५ वर्षीय एक विद्यार्थीले गोली प्रहार गर्दा तीनजना किशोरको मृत्यु भएको हो भने अरू आठजना घाइते भएका छन्।

गोली प्रहारलगत्तै ती किशोरलाई प्रहरीले पक्राउ गरेको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। अमेरिकामा विद्यालयमा गोली प्रहारका घटना बेलाबेलामा भइरहने गरेको अधिकारीहरूले जनाएका छन्। घाइते भएकामध्ये एकजना शिक्षक छन्। घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको जनाइएको छ।

घाइतेमध्ये छजनाको अवस्था सामान्य रहेको छ भने दुईजनाको शल्यक्रिया नै गरिएको चिकित्सकहरूले जानकारी दिएका छन्। त्यसैगरी, मृत्यु भएका तीनजनामध्ये दुईजना छात्रा र एकजना छात्र छन्। रासस

## वैदेशिक व्यापार ६५ प्रतिशतले वृद्धि

काठमाडौं, १५ मङ्सिर/रासस

चालू आर्थिक वर्षको पहिलो चार महीनामा मुलुकको वैदेशिक व्यापार ६५ दशमलव ४५ प्रतिशतले वृद्धि भएको छ।

गत आवको शुरूको चौमासिकमा रु चार खर्ब ४२ अर्ब ६९ करोड दुई लाख ४२ हजार रहेको मुलुकको वैदेशिक व्यापार चालू आवको सो अवधिमा रु सात खर्ब ३२ अर्ब ४१ करोड ८६ लाख आठ हजार पुगेको छ।



तस्वीर: फाइल

भन्सार विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार गत आवको तुलनामा आयात ६१ दशमलव ५७ प्रतिशतले बढेको छ। गत आवको पहिलो चार महीनामा रु चार खर्ब दुई अर्ब ४९ करोड एक लाख ७८ हजार मूल्य बराबरको आयात भएकामा चालू आवको कात्तिक मसान्तसम्म रु छ खर्ब ५० अर्ब २९ करोड ४३ लाख १३ हजार पुगेको छ।

त्यस्तै, गत आवको पहिलो चौमासिकको तुलनामा चालू आवको निर्यात १०४ दशमलव २९ प्रतिशतले बढेको छ। गत आवको पहिलो चौमासिकमा रु ४० अर्ब दुई करोड ६४ हजारको निर्यात भएकामा चालू आवको समीक्षा अवधिमा रु ८२ अर्ब १२ करोड ४२ लाख ९५ हजारको निर्यात भएको छ।

विभागका अनुसार चालू आवको कात्तिकसम्म व्यापार वृद्धि भएपनि मुलुकको व्यापार घाटा ५६ दशमलव ८३ प्रतिशतले बढेर रु पाँच खर्ब ६८ अर्ब १७ करोड १८ हजार पुगेको छ। गत आवको पहिलो चार महीनामा व्यापार घाटा रु तीन खर्ब ६२ अर्ब २९ करोड एक लाख १३ हजार थियो।

गत आवको पहिलो चौमासिकसम्म कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ९० दशमलव ९२ प्रतिशत रहेकामा यस्तो हिस्सा दुई दशमलव ३४ प्रतिशतले घटेर चालू आवमा ८८ दशमलव ७९ प्रतिशतमा आएको छ। त्यस्तै, वैदेशिक व्यापारमा निर्यातको हिस्सा २३ दशमलव ४८ प्रतिशतले बढेको छ। गत आवको कात्तिक मसान्तसम्म वैदेशिक व्यापारमा निर्यातको हिस्सा नौ दशमलव ०८ रहेकामा चालू आवमा ११ दशमलव २१ प्रतिशत पुगेको छ।

चार महीनाका अवधिमा नेपालको वैदेशिक व्यापारमा प्रमुख हिस्सा ओगट्ने पेट्रोलियम पदार्थमध्ये सबैभन्दा बढी डिजेल आयात भएको विभागले जनाएको छ।

चालू आवको पहिलो चार महीनामा रु ३४ अर्ब ३३ करोड २१ लाख ९७ हजार बराबरको डिजेल आयात भएको देखिन्छ। त्यस्तै, आयातमा भटमासको कच्चा तेल दोस्रोमा छ।

नेपालमा व्यवसायीले विभिन्न मुलुकबाट भटमासको कच्चा तेल आयात गरी प्रशोधन गरेर पुनः निर्यात गर्दै आएका छन्। चालू आवको पहिलो चार महीनामा करीब १७ करोड लिटरभन्दा बढी भटमासको तेल रु २७ अर्ब २२ करोड ७१ लाख ९५ हजार मूल्य बराबरको आयात भएको छ। त्यस्तै, टेलिफोन रु २० अर्ब ३५ करोड ८६ लाख १६ हजार, पाम आयल रु १९ अर्ब १७ करोड ५७ लाख २८ हजार र पेट्रोल रु १८ अर्ब ६६ करोड ६५ लाख ९४ हजारको आयात भएको विभागले जनाएको छ। नेपालबाट निर्यात भएका वस्तुमध्ये भटमासको तेल सबैभन्दा धेरै देखिएको छ।

विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्क अनुसार स्वदेशबाट रु २६ अर्ब ४० करोड ११ लाख एक हजार मूल्य बराबरको भटमासको तेल निर्यात भएको छ। व्यवसायीले भटमासको कच्चा पदार्थलाई विभिन्न मुलुकबाट आयात गरी प्रशोधन गरेर भारतमा निर्यात गर्ने गरेकाले यहाँको वैदेशिक व्यापारमा भटमासको तेलले योगदान गरेको देखिन्छ। सबैभन्दा बढी निर्यात हुने वस्तुमध्ये पाम तेल पनि हो।

सार्वजनिक विवरण अनुसार चालू आवको पहिलो चार महीनामा रु १९ अर्ब दुई करोड ३० लाख ९० हजार मूल्य बराबरको पाम तेल निर्यात भएको छ। रु तीन अर्ब ९३ लाख १७ हजार बराबरको गलैंचा तथा रु दुई अर्ब ३१ करोड ५५ लाख ७८ हजार मूल्य बराबरका जुटका बुनिएका तथा अन्य कपडा निर्यात भएको विभागको तथ्याङ्क छ।

विभागको विवरण अनुसार सबैभन्दा धेरै वीरगंज नाकाबाट रु दुई खर्ब २३ अर्ब ९० करोड ५० लाख ७४ हजार मूल्य बराबरको आयात तथा भैरहवा नाकाबाट रु एक खर्ब छ अर्ब ४८ करोड ८३ लाख ३० हजार र त्रिभुवन विमानस्थल नाकाबाट रु ८१ अर्ब ७० करोड ९१ लाख ५६ हजार बराबरको वस्तु आयात भएको छ।

त्यस्तै, नेपालले निर्यातमा वीरगंज भन्सारबाट रु ३९ अर्ब ५६ करोड ३४ लाख ५० हजार, विराटनगर भन्सारबाट रु २२ अर्ब ५१ करोड ४७ लाख ५२ हजार तथा त्रिभुवन विमानस्थल नाकाबाट रु ११ अर्ब ७५ करोड ४१ लाख ३५ हजार बराबरको वस्तु विदेश निर्यात गरेको छ।

## नौ लाख ७२ हजार मात्रा खोप आउँदै

काठमाडौं, १५ मङ्सिर/रासस

कोरोना भाइरसविरुद्ध नौ लाख ७२ हजार मात्रा खोप बुधवार आएको छ। भारतको सिरम इस्टिच्युट अफ इन्डिया कम्पनीबाट कोभिशिल्ड खोप आउन लागेको हो।

स्वास्थ्य सेवा विभागको आपूर्ति शाखा प्रमुख उपेन्द्र ढुङ्गानाले कोभ्याक्स सुविधा अन्तर्गत नौ लाख ७२ हजार मात्रा खोप आज आउन लागेको बताए। यस्तै, मङ्सिर २२ गते कोभ्याक्समार्फत छ लाख मात्रा खोप आउने उनले बताए।



तस्वीर: फाइल

उनले नियमित खोप आइरहेको बताए। सरकारले नियमित खोप आउन थालेपछि १८ वर्षभन्दा माथिका सबैलाई खोप लगाउन आग्रह गरेको छ।

यस्तै, बालबालिकालाई लगाउने

(बाँकी अन्तिम पातामा)

**आयुर्वेदको चमत्कार**
इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
सहयोगी:
बैद्य सूर्यमान श्रेष्ठ
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

**आजको राशिफल**

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – कडाश्रम |
| मिथुन – कार्यनाश | कर्कट – उदरपीडा |
| सिंह – विजय | कन्या – कान्तिक्षय |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – राज्यभय | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**
भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

पर्यटकिय स्थलको संरक्षण र प्रचार गरौं
पर्यटक विकासमा सहयोग पुऱ्याऔं
वीरगंज महानगरपालिका

# नेका, पर्साको तीन क्षेत्रमा निर्वाचन

प्रस, वीरगंज, १५ मङ्सिर/

नेपाली काङ्ग्रेस, पर्साका तीनवटा सोको परिणाम अबेर राति अथवा बिहीवार आउने बताए।

पर्सा क्षेत्र नं १ मा विजय सर्राफ, अरविन्द गुप्ता, रामबाबू



पर्सा क्षेत्र नं. १ मा मतदान गर्दै। तस्वीरः प्रतीक

क्षेत्रमा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनको निर्वाचन बुधवार भएको छ।

नेका जिल्ला कार्यसमिति, पर्साका सचिव श्याम पटेलले पर्सा क्षेत्र नं १, २ र ३ मा बुधवार निर्वाचन भएको र

सर्वसम्मति हुन नसकेपछि तीनवटा क्षेत्रमा निर्वाचन गरिएको र क्षेत्र नं ४ मा मङ्गलवार नै सर्वसम्मतिबाट क्षेत्रीय सभापति चयन भएको उनले बताए।

कुर्मी, क्षेत्र नं २ मा वैकुण्ठ श्रीवास्तव, महम्मद सहाबुद्दीन र क्षेत्र नं ३ मा श्रीकृष्ण चौहान र भगवतीप्रसाद चौधरी क्षेत्रीय सभापतिका उम्मेदवार छन्।

# नक्कली सूर्य चुलो बिक्री गर्नेविरुद्ध ठगी मुद्दा

प्रस, वीरगंज, १५ मङ्सिर/

जिल्ला प्रहरी कार्यालय, पर्साको



ग्यास चुलो नियन्त्रणमा लिंदै प्रहरी। तस्वीरः प्रतीक

टोलीले गएराति सूर्य ग्याँस चुलोको गोदाममा छापा मारी चुलो नियन्त्रणमा लिएको जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए।

हिजो साँझ वीरगंज–१२ मुर्लीस्थित रामा भाँडा एन्ड गिफ्ट हाउसमा छापामारी गरिएको थियो। उपभोक्तालाई ठगी गरेको भन्दै जिल्ला प्रहरी कार्यालय, पर्सामा उजूरी परेपछि ३२ वटा ग्याँस सिलबन्दी गरिएको प्रवक्ता खनालले जानकारी दिए। उनले सूर्य चुरोटका भारतीय निर्माताकातर्फबाट दिल्ली निवासी राजेश रजोरले ट्रेडमार्क चोरी गरी उपभोक्तालाई ठगिरहेको भन्दै वीरगंज–१२ टिटुबुबा गुप्ता तथा रामाशङ्कर सर्राफविरुद्ध उजूरी पर्दा सरार्फको गोदाममा छापामारी गरी सामान नियन्त्रणमा लिएको जनाएका छन्।

चुलो नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको र पाँच सयजति चुलो गोदाममैं

भारतीय कम्पनीले पहिला नै सूर्य चुलोको टेड्रमार्क दर्ता गरे पनि नेपाली निर्माताले ट्रेडमार्क चोरी गरेको भन्दै कम्पनी नै बन्द गर्नुपर्ने मागसहित उच्च अदालत काठमाडौंमा मुद्दा विचारधीन छ।

काठमाडौंमा मुद्दा चलिरहेकाले मानिसलाई नियन्त्रणमा नलिई अनुसन्धान भइरहेको उनले प्रस्ट्याए।

सूर्या चुलो उत्पादन गर्न उद्योग विभागले अहिलेसम्म अनुमति दिएको छैन, तर दर्ताको भरमा सामान उत्पादन गरी बजारमा बिक्री गरेकाले ठगी मुद्दा दर्ता गरेको प्रनाउ खनालले बताए। नेपालमा उत्पादित सूर्या चूरोट, गुणास्तरीयहीन विनाल्याब टेस्ट, कमसल सामान प्रयोग भएको र उपभोक्तालाई ठगी गर्ने काम भइरहेको उनले बताए।






# वार्षिकोत्सवमा रक्तदान, सांस्कृतिक कार्यक्रम हुने

प्रस, वीरगंज, १५ मङ्सिर/

रेडियो वीरगंजले बुधवार पत्रकार सम्मेलन गरेर यस वर्ष पनि वार्षिकोत्सव साताव्यापी कार्यक्रम गरी मनाउने बताएको छ।

रेडियो वीरगंजका अध्यक्ष ध्रुव साहले मङ्सिर १८ गते रक्तदान कार्यक्रम र २५ गते सांस्कृतिक कार्यक्रमको आयोजना गरिने बताए। गत वर्ष कोरोना सङ्क्रमणको कारण वार्षिकोत्सव कार्यक्रम रक्तदानमा मात्र सीमित गरिएको थियो। रेडियो वीरगंजले आयोजना गर्ने रक्तदान कार्यक्रम वार्षिकरूपमा सबैभन्दा बढी हुँदै आएको र यस वर्ष पनि सोही अनुरूप तयारी गरिएको अध्यक्ष साहले बताए।

यसैगरी, सांस्कृतिक कार्यक्रममा राष्ट्रियस्तरका कलाकारहरू प्रकाश सपूत, हेमन्त शर्मा, गायिका एलिना चौहान, अस्मिता अधिकारी, गायक कमल खत्री, सञ्जु अमात्य, सुनील पण्डित, हास्य कलाकार सुबोध गौतम, कलिउड डान्स ग्रुप हेटौंडासहित स्थानीय कलाकारहरूको सहभागिता रहने उनले जानकारी गराए।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## प्रकृति सकिए जीवन सिद्धिन्छ।

त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं। वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडीबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## अन्तरविद्यालय फूटबल प्रतियोगिताको तयारी पूरा

प्रस, जीतपुर, १५ मङ्सिर/

जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत सिमरामा बिहीवारदेखि आयोजना हुने नगरस्तरीय अन्तरविद्यालय फूटबल प्रतियोगिताको तयारी पूरा भएको आयोजक ग्रासरुट फाउन्डेशनले जनाएको छ।



तस्वीरः प्रतीक

फाउन्डेशनका अध्यक्ष दुर्गाबहादुर थापाले सिमरा रङ्गशालामा आयोजना हुने प्रतियोगितामा उपमहानगरका चौबीसवटा विद्यालय सहभागी हुने बताए। उनले प्रतियोगिताका विजयीलाई २० हजार नगद र उपविजेतालाई १० हजार नगदसहित शिल्ड–मेडल, प्रमाणपत्र तथा सर्वोत्कृष्ट खेलाडीलाई ५ हजार नगदबाट सम्मान गरिने बताए।

यसैगरी, अन्य विधाका खेलाडीहरूलाई पनि पुरस्कृत, सम्मानित गर्ने कार्यक्रम रहेको बताइएको छ।

अध्यक्ष थापाले पुस ३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा उद्घाटन खेलबाहेक अन्य दिन दुई खेल हुने जानकारी गराए। प्रतियोगिता संयोजक सोनु क्षत्रीले बालबालिका सम्मिलित फूटबल प्रतियोगिता भएकोले समयावधि ७० मिनेट तोकिएको जानकारी गराइन्। उद्घाटन खेल नेरामावि फत्तेपुर र सेन्ट जोन्स एकेडेमीबीच हुने उनले बताइन्।

# एकीकृत समाजवादीको नगर वडा कमिटी गठन

प्रस, निजगढ, १५ मङ्सिर/

निजगढ नगरपालिका–७ मा नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीको वडा नगर कमिटी बुधवार गठन भएको छ।

भर्खरै सम्पन्न भनिएको महाधिवेशनबाट अझै विधि, पद्धतिको खिल्ली उडाइएको जगजाहेर भइसकेको बताए।



तस्वीरः प्रतीक

गोपाल श्रेष्ठको अध्यक्षतामा गठित कमिटीको उपाध्यक्ष लालमाया जिम्बा, सचिव सुकमाया योञ्जन, सहसचिव दीपक जिम्बालगायत ११ सदस्य छन्। नगर वडा कमिटीले ३० सदस्य थप गरी ४१ सदस्यीय गर्ने निर्णय गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि नेकपा एकीकृत समाजवादीका केन्द्रीय सदस्य दिनेश राईले कम्युनिस्ट पार्टीहरूको उदय सानै सङ्ख्याबाट सुरुआत भएको इतिहास ताजै रहेको स्मरण गराउँदै जनताको मतलाई अवमूल्यन गर्ने, दुई/दुई पटक संसद् हत्या गर्ने केपी शर्मा ओलीको खोक्रो राष्ट्रवाद पहिल्यै नै छरपस्ट भइसकेको, जगजाहेर भइसकेको बताए।

कार्यक्रममा छविलाल उप्रेतीले एकीकृत समाजवादी पार्टी सही कम्युनिस्ट सिद्धान्त बोकी देश, जनता, न्याय, सुशासन विकासका लागि निर्माण भएको बताए।

कार्यक्रममा पार्टीका जिल्ला कमिटी सदस्यहरू विभा कार्की, डा द्वारिका उप्रेती, अनिल भण्डारी, जगत न्यौपाने, पवन विक, दीपक सापकोटालगायतले मन्तव्य राखेका थिए। जिल्ला कमिटी सदस्य मानध्वज लामाको अध्यक्षतमा भएको कार्यक्रमको सञ्चालन भीमसेन सापकोटा र भरत घिमिरेले गरेका थिए।

# पर्सागढीमा गाँजाखेती नष्ट



पर्सागढीमा लगाइएको गाँजाखेती नष्ट गर्दै प्रहरी। तस्वीरः प्रतीक

प्रस, पर्सागढी, १५ मङ्सिर/

प्रहरी चौकी बडनिहार, मिलनचोक, मनवा र इलाका प्रहरी कार्यालय, एकटाँगाको टोलीले पर्सागढी नगरपालिकामा गाँजाखेती नष्ट गरेका छन्।

प्रनानि नवलकिशोर साह नेतृत्वको टोलीले पर्सागढी नपा–२ गोडपसरामा रोपिएको पाँच कट्ठा क्षेत्रफलको गाँजा नष्ट गरेको बताइएको छ।

**नौं लाख.............**

खोप मोडर्ना यही शुक्रवार नेपाल आउने भएको छ। अमेरिकाबाट खरीद गरिएको मोडर्ना खोप एक लाख ८८ हजार मात्रा आउन लागेको आपूर्ति शाखाप्रमुख ढुङ्गानाले जानकारी दिए। यस अघि बालबालिकालाई लगाउने फाइजर खोप आएको थियो। उनका अनुसार नेपालमा अहिलेसम्म दुई करोड ६१ लख ९६ हजार मात्रा खोप आइसकेको छ।